बागमती प्रदेश सरकार
# आर्थिक मामिला तथा योजना मन्त्रालय
हेटौंडा, नेपाल

पत्र सङ्ख्या :- ०८२/०८२/८३
चलानी नम्बर :- ५८

मिति : २०८२/०४/०८

विषयः आर्थिक वर्ष २०८२/८३ को अन्तरसरकारी वित्तीय हस्तान्तरण सम्बन्धी व्यवस्था र मार्गदर्शन।

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,
स्थानीय तह सबै (११९),
बागमती प्रदेश।

नेपालको संविधान, अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४, प्रदेश वित्तीय हस्तान्तरण सम्बन्धी ऐन, २०७५, प्रदेश समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०८१, प्रदेश विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७७ तथा प्रदेश सर्शत अनुदान सम्बन्धी कार्यविधि, २०७९ बमोजिम बागमती प्रदेशभित्रका स्थानीय तहहरुलाई आर्थिक वर्ष २०८२/८३ मा वित्तीय हस्तान्तरण अन्तर्गत उपलब्ध गराउनुपर्ने वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान, समपूरक अनुदान, विशेष अनुदान एवं राजश्व बाँडफाँटको रकम प्रदेश विनियोजन ऐन, २०८२ बमोजिम स्वीकृत हुनुका साथै बजेट वक्तव्य मार्फत सार्वजनिक भइसकेको व्यहोरा अवगत नै छ। प्रदेश विनियोजन ऐन, २०८२ मा व्यवस्था भए अनुरुप अन्तरसरकारी वित्तीय हस्तान्तरण अन्तर्गत संचालन भएका आयोजना/कार्यक्रम कार्यान्वयन, राजश्व दाखिला र अनुदान फिर्ता गर्न उक्त ऐनको दफा ९ को उपदफा (३) बमोजिम यो मार्गदर्शन जारी गरिएको छ।

### अन्तर सरकारी वित्तीय हस्तान्तरण र कार्यान्वयन सम्बन्धमा

१. वित्तीय समानीकरण अनुदानको एक चौथाईका दरले हुन आउने रकम प्रदेश लेखा नियन्त्रक कार्यालय वा सम्बन्धित प्रदेश लेखा इकाई कार्यालयले स्थानीय तहको सञ्चित कोषमा सम्वत् २०८२ सालको भदौ १५ गते, कात्तिक १५ गते, माघ १५ गते र सम्वत् २०८३ सालको वैशाख १५ गते गरी चार किस्तामा दाखिला गर्नेछ।

२. वित्तीय समानीकरण अनुदानको पहिलो र दोस्रो किस्ता सुरु अनुमान बमोजिम, तेस्रो किस्ता पुस मसान्तसम्मको राजस्व संकलन र लक्ष्य अनुपातको आधारमा र चौथो किस्ता चैत्र मसान्तसम्मको राजस्व संकलन र लक्ष्य अनुपातको आधारमा पुनः निर्धारण गरी प्रदेश सरकारले किस्ता निर्धारण गरेको समयमा प्रदेश लेखा नियन्त्रक कार्यालय वा सम्बन्धित प्रदेश लेखा इकाई कार्यालयले सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा दाखिला गर्नेछ।

३. वित्तीय समानीकरण अनुदानबाट खर्च भएको रकमको विवरण स्थानीय तहले प्रदेश लेखा इकाई कार्यालय मार्फत प्रदेश लेखा नियन्त्रक कार्यालयमा प्रत्येक आर्थिक वर्षको कार्तिक १ गते, माघ १ गते, वैशाख १ गते र वार्षिक आर्थिक विवरण आगामी आर्थिक वर्षको साउन मसान्तभित्र बुझाउनु पर्नेछ।

४. बुदा नं. २ बमोजिम बागमती प्रदेश सरकारबाट पुनः किस्ता निर्धारण गरी पठाइएको अवस्थामा प्रदेश सरकारले निर्धारण गरेको समयमा खर्च भएको रकमको विवरण बुझाउनु पर्नेछ। यस्तो विवरण प्राप्त नभएसम्म वित्तीय समानीकरण अनुदान वापतको बाँकी रकम सञ्चित कोषमा दाखिला गरिने छैन।

५. सशर्त अनुदान, समपूरक अनुदान र विशेष अनुदान रकमको एक चौथाईले हुन आउने रकम प्रदेश लेखा नियन्त्रक कार्यालय वा सम्बन्धित प्रदेश लेखा इकाई कार्यालयले सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा सम्वत् २०८२ सालको भदौ १५ गते, कात्तिक १५ गते, माघ १५ गते र सम्वत् २०८३ सालको वैशाख १५ गते गरी चार किस्तामा हस्तान्तरण गर्नेछ।

६. सशर्त अनुदान, समपूरक अनुदान र विशेष अनुदान बापत हस्तान्तरण भएको रकम जुन विषय क्षेत्रको योजना वा कार्यक्रमको लागि प्राप्त भएको हो सोही योजना वा कार्यक्रमको लागि मात्र खर्च गर्ने गरी कार्यान्वयन हुने अवधि, कार्यान्वयनको प्रक्रिया, खर्चको अनुमान सहितको कार्ययोजना बनाई कार्यान्वयन गर्नुपर्नेछ। त्यस्तो कार्ययोजनाको साथमा मासिक नगद प्रवाहको विवरण र सम्बन्धित गाउँ सभा वा नगर सभाले पारित गरेको राजस्व र व्ययको अनुमान २०८२ साउन मसान्तभित्र प्रदेश लेखा इकाई कार्यालय मार्फत प्रदेश लेखा नियन्त्रक कार्यालयमा पेश गर्नुपर्नेछ।

७. बुँदा नं. ६ बमोजिम कार्ययोजनाको भौतिक प्रगति तथा खर्च भएको रकमको विवरण स्थानीय तहले प्रदेश लेखा इकाई कार्यालय मार्फत प्रदेश लेखा नियन्त्रक कार्यालयमा सम्वत् २०८२ सालको कार्तिक १ गते, माघ १ गते, सम्वत् २०८३ सालको बैशाख १ गते र वार्षिक आर्थिक विवरण आगामी आर्थिक वर्षको साउन मसान्तभित्र पेश गर्नु पर्नेछ।

८. बुदा नं. ७ बमोजिमको विवरण प्राप्त नभएसम्म सशर्त अनुदान, समपूरक अनुदान र विशेष अनुदान बापतको बाँकी किस्ता रकम सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा दाखिला गरिने छैन।

९. वित्तीय हस्तान्तरण अन्तर्गत स्वीकृत योजना तथा कार्यक्रमहरु तहाँ स्थानीय तहहरुबाट पुन: खण्डीकरण नगरी स्वीकृत भएबमोजिम नै कार्यान्वयन गर्नुपर्नेछ।

१०. योजना/कार्यक्रम कार्यान्वयन गर्दा निर्माण कार्यस्थलमा सो कामसँग सम्बन्धित विवरणहरु (योजनाको नाम, स्रोत, लागत, कार्य सम्झौता भएको र कार्य शुरु भएको मिति, सम्झौता अंक, सम्झौता भएको उपभोक्ता समिति/ठेक्का लिनेको नाम र ठेगाना आदि) विवरण काम सम्पन्न नभएसम्म सर्वसाधारणको जानकारीका लागि सार्वजनिक गर्नु पर्नेछ।

११. वित्तीय हस्तान्तरणको उपयोग नेपालको संविधान, दिगो विकास लक्ष्य, सोह्रौं योजना, बागमती प्रदेशको दोस्रो आवधिक योजनाले निर्दिष्ट गरेका क्षेत्र र मार्गदर्शन बमोजिम गर्ने व्यवस्था मिलाउनु हुनेछ।

१२. सशर्त अनुदानबाट संचालन हुने योजना वा कार्यक्रम कार्यान्वयन गर्दा प्रदेश सशर्त अनुदान सम्बन्धी कार्यविधि, २०७९ मा भएका व्यवस्थाका साथै अन्य आवश्यक पर्ने खर्चका मापदण्ड लगायत कार्यान्वयनमा देखा परेका द्विविधा/समस्याका विषयमा प्रदेशको सम्बन्धित विषयगत मन्त्रालयसँग समन्वय गरी कार्यान्वयन गर्नुपर्नेछ।

१३. सशर्त अनुदान अन्तर्गत सञ्चालित योजना/कार्यक्रमको भौतिक र वित्तीय प्रगति विवरण सम्बन्धित स्थानीय तहले सम्बन्धित विषयगत मन्त्रालय र आर्थिक मामिला तथा योजना मन्त्रालयमा चौमासिक रुपमा पठाउनुपर्नेछ।

१४. प्रदेश सरकारको निर्णयबाट विपद्जन्य अवस्था, महामारी वा आकस्मिक परिस्थितिको रोकथाम, नियन्त्रण तथा प्रतिकार्य र पुर्नस्थापना गर्नुपर्ने अवस्था तथा अन्य कुनै विशेष परिस्थितिमा प्रदान गरिएको सशर्त अनुदान वापत निकासा भएको रकम सम्बन्धित स्थानीय तहले आफ्नो वार्षिक बजेटमा समावेश गरी सम्बन्धित गाउँ सभा वा नगर सभाबाट अनुमोदन गराई लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्नेछ।

१५. समपूरक अनुदान तथा विशेष अनुदानका योजना/कार्यक्रमहरुका सम्बन्धमा प्रदेश समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०८१ र प्रदेश विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७७ बमोजिम कार्यान्वयन गर्नुपर्नेछ।

१६. समपूरक तथा विशेष अनुदानबाट सञ्चालित योजना/कार्यक्रमहरु लक्षित उद्देश्य अनुरुप सञ्चालन नभएमा तथा उपभोक्ता समिति मार्फत खर्च गरेको पाइएमा प्रदेश सरकारले त्यस्तो अनुदान वापत उपलब्ध गराएको रकम आगामी आर्थिक वर्षमा प्रदान गरिने वित्तीय समानीकरण अनुदान रकमबाट कट्टा गर्न सक्नेछ।

१७. समपूरक तथा विशेष अनुदानका योजनाहरुको ठेक्का प्रक्रिया पारदर्शी र प्रतिस्पर्धी बनाउन स्थानीय तहले खरिद कार्यको कुनै वा सबै प्रक्रियामा विद्युतीय प्रणाली मात्र अपनाउन सक्नेछ। ठेक्का सम्झौताको विवरण सम्झौता सम्पन्न भएको सात दिनभित्र स्थानीय तहले मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालयलाई उपलब्ध गराउनुपर्नेछ। यस्तो विवरण प्राप्त नहुँदासम्म सो योजना/कार्यक्रमको बाँकी किस्ता रकम निकासा गरिने छैन।

१८. वित्तीय हस्तान्तरण अन्तर्गत सशर्त, समपूरक र विशेष अनुदानका योजनाहरु तोकिएको समयावधिभित्र नै सम्पन्न गर्ने गरी स्वीकृत बजेटको सीमाभित्र रही कार्यान्वयन गर्नुपर्नेछ। तोकिएको समयभित्र योजना/कार्यक्रम सम्पन्न हुन नसकेमा त्यस्तो योजना/कार्यक्रम सम्बन्धित स्थानीय तहले आफ्नै स्रोतबाट सम्पन्न गर्नुपर्नेछ।

१९. समपूरक अनुदान र विशेष अनुदान अन्तर्गत सञ्चालन गरिने योजना/कार्यक्रममा कन्टिन्जेन्सी वापत लागतको क्रमशः तीन र दुई प्रतिशत भन्दा बढी राख्न पाइने छैन।

२०. समपूरक तथा विशेष अनुदान अन्तर्गतका योजनाबाट सञ्चालित आयोजना/कार्यक्रमको प्रगति प्रतिवेदन प्रदेश समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०८१ को अनुसुची -४ र प्रदेश विशेष अनुदान सम्बन्धी

कार्यविधि, २०७७ को अनुसुची -३ बमोजिमको ढाँचामा चौमासिक रुपमा आर्थिक मामिला तथा योजना मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्नेछ।

२१. सशर्त अनुदान र विशेष अनुदानका कार्यक्रमहरु सञ्चालन गर्दा बोलपत्र स्वीकृत पश्चात् हुन आउने बचत रकम प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्नेछ। समपूरक अनुदानका योजनाहरुको हकमा बोलपत्र स्वीकृत भई हुने बचत रकममा प्रदेश सरकारको हिस्सा बराबरको रकम प्रदेश सञ्चित कोषमा फिर्ता दाखिला गर्नुपर्नेछ। बोलपत्र स्वीकृति पश्चात् बचत हुन आउने रकम (प्रदेश सरकारको हिस्सा) अन्य योजना तथा कार्यक्रममा खर्च गर्न पाइने छैन।

२२. सशर्त, समपूरक र विशेष अनुदानका स्वीकृत योजना तथा कार्यक्रम कार्यान्वयन गर्दा विनियोजन ऐन, २०८२ को दफा ६ को उपदफा (८) बमोजिम रकम खर्च नभई बचत भएमा त्यस्तो बचत रकम सम्बन्धित स्थानीय तहले प्रदेश लेखा इकाई कार्यालय वा प्रदेश लेखा नियन्त्रक कार्यालय मार्फत सोही आर्थिक वर्षको असार मसान्तभित्र प्रदेश सञ्चित कोषमा फिर्ता दाखिला गर्नु पर्नेछ। बचत रकम फिर्ता दाखिला नगरेको अवस्थामा त्यस्तो रकम र अघिल्ला आर्थिक वर्षहरुमा बाँकी भएकोमा सो रकम समेत प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाई कार्यालयले अर्को आर्थिक वर्षमा हस्तान्तरण हुने वित्तीय समानीकरण अनुदानको रकमबाट कट्टा गरी समायोजन गर्नेछ।

**वित्तीय अनुशासन सम्बन्धमा**

२३. स्थानीय तहले संकलन गरेको राजस्व र यस ऐन तथा प्रचलित कानून बमोजिम प्राप्त गरेको राजस्व बाँडफाँट तथा वित्तीय हस्तान्तरण बापत प्राप्त भएको रकम कानून बनाई खर्च गर्नुपर्नेछ।

२४. कानून बनाउँदा देहायका कुराहरुको पालना हुने व्यवस्था मिलाउनु पर्नेछः
   - क. नेपाल सरकार तथा प्रदेश सरकारको आर्थिक तथा वित्तीय नीति अनुसरण गर्ने,
   - ख. सबै आय आफ्नो सञ्चित कोषमा दाखिला गर्ने,
   - ग. अनुदानको रकम जुन प्रयोजनका लागि प्राप्त भएको हो सोही प्रयोजनका लागि मात्र खर्च गर्ने,
   - घ. पुँजीगत खर्चतर्फ विनियोजित रकम चालु खर्चमा रकमान्तर नगर्ने,
   - ङ. आय व्ययको वर्गीकरण, लेखाङ्कन तथा प्रतिवेदन प्रणाली प्रचलित कानूनले निर्धारण गरे बमोजिम लागु गर्ने।

२५. स्थानीय तहले संकलन गरेको मनोरञ्जन कर, विज्ञापन कर तथा ढुङ्गा, गिट्टी, बालुवा, दहत्तर बहत्तर, माटोको शुल्क लगायतको प्रदेश र स्थानीय तहबीच बाँडफाँट हुने राजश्वको चालिस प्रतिशतले हुन आउने रकम हरेक महिना बाँडफाँट गरी प्रदेश लेखा नियन्त्रक कार्यालय मार्फत प्रदेश सञ्चित कोषमा दाखिला

गर्नुपर्नेछ। यसरी बाँडफाँट गरी दाखिला गर्नुपर्ने रकम दाखिला नभएमा प्रदेश लेखा नियन्त्रक कार्यालयले त्यस्तो रकम सम्बन्धित स्थानीय तहलाई बाँडफाँट हुने सवारी साधन करबाट कट्टा गरी समायोजन गर्नेछ।

२६. एक तहको बजेट तथा कार्यक्रममा समावेश भएको कुनै योजना वा कार्यक्रम अर्को तहबाट कार्यान्वयन गर्दा रकम विनियोजन भएको तहको खर्च इकाईको रुपमा प्रचलित कानुनले तोके बमोजिमको छुट्टै लेखा राखी आन्तरिक तथा अन्तिम लेखा परीक्षण गराउनु पर्नेछ।

२७. बुँदा नं. २६ बमोजिम योजना वा कार्यक्रम कार्यान्वयन गर्ने तहले आर्थिक विवरण तयार गरी प्रमाणित गराई सम्बन्धित तहको केन्द्रिय निकायमा वा सुरु विनियोजन भएको तहमा पठाउनु पर्नेछ।

२८. अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ३२ बमोजिम स्थानीय तहले आफूले गरेको आय र व्ययको चौमासिक विवरण त्यस्तो अवधि समाप्त भएको मितिले पन्ध्र दिनभित्र आर्थिक मामिला तथा योजना मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालय समक्ष पेश गर्नु पर्नेछ। दोस्रो चौमासिकको आय व्ययको विवरण पेश गर्दा तेस्रो चौमासिकमा हुन सक्ने आय र व्ययको अनुमान समेत पेश गर्नु पर्नेछ। तोकिएको अवधिभित्र विवरण पेश हुन नआएमा प्रदेश सरकारले स्थानीय तहलाई उपलब्ध गराउने अनुदान रोक्का गर्न सक्नेछ।

आर्थिक वर्ष २०८२/८३ को बजेटसँग सम्बन्धित ऐन, नियम, कार्यविधि तथा प्रकाशनहरु यस मन्त्रालयको वेबसाइट moeap.bagamati.gov.np मा हेर्न र डाउनलोड गर्न सकिनेछ।

(कृष्णप्रसाद मैनाली)
प्रदेश सचिव

बोधार्थ:
श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, बागमती प्रदेश, हेटौंडा।
श्री महालेखा परीक्षकको कार्यालय, बबरमहल, काठमाडौं।
श्री राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, सिंहदरबार, काठमाडौं।
श्री महालेखा नियन्त्रकको कार्यालय, काठमाडौं।
श्री प्रदेश लेखा नियन्त्रक कार्यालय, बागमती प्रदेश, हेटौंडा।